का.जि.प्र.का.द.नं. १००/०५९/६०

१४ माघ २०७९,
शनिबार
28 January 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

**सर्वोच्चको फैसला**

# रवि लामिछाने पदमुक्त



*सर्वोच्चको फैसलापछि शुक्रबार साँझ सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै रवि लामिछाने ।*

> अदालतको फैसलालाई स्वागत गर्छु । म कुनै पार्टीको अध्यक्ष छैन, केही पनि होइन । यतिखेर म परिचय नभएको अनागरिक भएको छु ।
>
> ■ **रवि लामिछाने**

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

सर्वोच्च अदालतले रवि लामिछानेलाई सांसद पदबाट बर्खास्त गरेको छ । सर्वोच्चको संवैधानिक इजलासमा शुक्रबार अन्तिम सुनुवाइ सकिएपछि लामिछानेलाई सांसद पदबाट बर्खास्त गर्ने फैसला आएको हो ।

सांसद पदको निम्ति उम्मेद्वार बन्न समेत योग्य नरहेको फैसलासँगै लामिछाने सांसद सहित उपप्रधान एवम् गृहमन्त्रीबाट समेत मुक्त भएका छन् ।

अमेरिकाको नागरिकता र पासपोर्ट परित्याग गरेपनि लामिछानेले नेपाली नागरिकता लिने प्रक्रिया सुरु नगरेकाले उनी संसदीय प्रक्रियामै सहभागी हुन नपाउने अदालतले ठहर गरेको छ । कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीशहरू विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, डा आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले यस्तो आदेश दिएको हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तत्कालीन सभापति लामिछाने गत मंसिर ४ गते चितवन क्षेत्र नम्बर २ बाट सबैभन्दा बढी मतान्तरले विजयी भएका थिए । सर्वोच्चले रविले अमेरिकी नागरिकता त्यागेको जानकारी गराए पनि नेपालको कानुनअनुसार उनले नेपाली नागरिकता पुनर्प्राप्तिका लागि प्रक्रिया नै अघि नबढाएको पनि ठहर गरेको छ ।

बुधबार सुनुवाइ नसकिएपछि यो मुद्दा शुक्रबारका लागि हेर्दाहेर्दैमा राखिएको थियो । शुक्रबार दुवैतर्फका वकिलले बहस टुंग्याएपछि सर्वोच्चले यो मुद्दामा आदेश दिएको हो । शुक्रबार यो मुद्दामा रविको पक्षबाट अधिवक्ता नरेन्द्र केसी र विपक्षबाट अधिवक्ता सुरेन्द्र भण्डारीसहितले बहस गरेका थिए ।

अदालतको फैसलापछि सर्वोच्च अदालतबाहिर पत्रकारहरुसँग प्रतिक्रिया दिदै रविले अदालतको फैसलाको स्वागत गर्ने बताए । 'अनागरिकलाई प्रश्न गर्नु भएको छ । थाहा छैन । एउटा अनागरिकले के गर्छ ?' उनले भने, ' अदालतको फैसलालाई स्वागत गर्छु । म कुनै पार्टीको अध्यक्ष छैन, केही पनि होइन । यतिखेर म परिचय नभएको अनागरिक भएको छु ।'

यसअघि गत पुस २२ गते अदालतले माघ ११ गतेका लागि पेसी नगर्ने मुद्दाका रूपमा राख्न भनेको थियो । अदालतको यसअघिको आदेशमै २०७५ असार ६ गते अध्यागमन विभागमा पेस गरिएको कागजात, त्यसबारेको कारबाहीसम्बन्धी कागजात गृह मन्त्रालय, अध्यागमन विभाग वा जिल्ला प्रशासन कार्यालयसमेत जहाँ छ, ती निकायबाट सात दिनभित्र झिकाउन आदेश दिएको थियो ।

अदालतको आदेशानुसार सबै कागजात र विवरण अदालतसमक्ष आइसकेको जानकारी सर्वोच्च प्रशासनले दिएको छ । सर्वोच्चको फैसला लगत्तै लामिछानेले शुक्रवार नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समक्ष उपप्रधानमन्त्री तथा गृहमन्त्री पदबाट राजिनामा दिएका छन् । ३२ दिन अघि ११ पुसमा उनी प्रधानमन्त्री प्रचण्डको सरकारमा उपप्रधानमन्त्री तथा गृहमन्त्री बनेका थिए ।

अधिवक्ता रविराज बसौला र सिन्धुलीका युवराज पौडेल सफलसहितले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका उपप्रधानमन्त्री लामिछाने प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसदको योग्यताबारे प्रश्न उठाउँदै रिट निवेदन दायर गरेका थिए ।

नेपाली नागरिकता नलिई राजनीतिक दल खोलेको, प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गरी सांसद बनेको उल्लेख गर्दै उपप्रधानमन्त्री लामिछानेको सांसद पद खारेजीको माग रिट निवेदनमा गरिएको थियो ।

विक्रम सम्वत् २०५० सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट वंशजको नागरिकता निकालेका लामिछाने रोजगारीको सिलसिलामा अमेरिका पुगेका थिए । त्यसपछि उनले २०७० फागुन ९ मा अमेरिकी नागरिकता र फागुन २१ मा राहदानी प्राप्त गरेका थिए ।

उनले अमेरिकाको नागरिकता प्राप्त गरेपछि नेपाल नागरिकता ऐनअनुसार उनको नेपाली नागरिकता कायम रहेको थिएन । २०७१ जेठ २२ गते लामिछाने अमेरिकाको राहदानी प्रयोग गरेर पहिलो पटक गैरपर्यटक भिसामा नेपाल आएका थिए । त्यसपछि पुनः विदेश गएका उनी दोस्रोपटक २०७२ वैशाख २८ गते नेपाल आएका थिए ।

त्यसको १६ औं दिनमा उनले कायम नरहेको पुरानो नेपाली नागरिकता प्रयोग गरेर नेपाली राहदानी बनाएका थिए । तर नेपाली राहदानी बनाएपछि पनि उनी अमेरिकी पासपोर्ट नै प्रयोग गरेर विदेश आउजाउ गरेको अध्यागमनको रेकर्डमा देखिएको छ । नेपालमा दोहोरो नागरिकता लिन नपाइने व्यवस्था छ ।

२०७९ मंसिर ४ गते भएको आवधिक निर्वाचनमा चितवन क्षेत्र नं. २ मा उम्मेदवारी दिएका उनी भारी मतान्तरसहित विजयी भएका थिए । तर उनले त्यतिबेला पनि पुरानै नागरिकता पेस गरेका थिए । सर्वोच्च अदालतको फैसलासँगै

– बाँकी पृष्ठ २ मा

## चितवन–२ मा उपनिर्वाचन हुने

**काठमाडौं/मस–** चितवन क्षेत्र नम्बर २ मा उपनिर्वाचन हुने भएको छ । सर्वोच्च अदालतले चितवन २ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित रवि लामिछानेको सांसद पद खारेज गरेपछि चितवन २ मा उपनिर्वाचन हुने भएको हो । सर्वोच्चले शुक्रवार लामिछानेको उम्मेदवारी र उनी निर्वाचित भएको निर्णय खारेज हुने फैसला सुनाएको हो ।

निर्वाचन आयोगका अधिकारीहरुका अनुसार, आयोगले संघीय संसद सचिवालयबाट औपचारिक पत्र नपाएसम्म सांसद पद रिक्त भएको जानकारी पाउँदैन । सर्वोच्च अदालतको आदेश संघीय संसद सचिवलायमा पेश भएर त्यहाँबाट जानकारी पाएपछि आयोगले प्रक्रिया थाल्ने प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मध्यान्हलाई बताए । उनले भने, 'संघीय संसद सचिवालयबाट सांसदको पद रिक्त भएको जानकारी आएपछि हामीले सरकारको परामर्शमा निर्णय गरेर निर्वाचन आयोगले नै उपनिर्वाचनको मिति तोक्छ ।'

**संसदमा फेरि बहस**

# नयाँ हाउसमा महाअभियोग सर्छ कि सर्दैन ?

तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्धको महाअभियोग नयाँ हाउसमा सर्छ कि सर्दैन भन्ने विवाद समाधान नगरी अघिल्लो प्रतिनिधिसभाको कार्यकाल सकिएको थियो । नियमावली निर्माणमा फेरि यो विषयले प्रवेश पाएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

प्रतिनिधिसभा नियमावली संशोधन मस्यौदा समिति सुझाव संकलनमा केन्द्रीत छ । समिति सदस्यहरुका अनुसार हाल नियमावलीमा सच्याउनुपर्ने विषय के कस्ता छन् भनी राय संकलन गर्ने कार्य चलिरहेको छ ।

समिति सदस्यहरुका अनुसार नियमावली संशोधनबारेको छलफलमा महाअभियोगको विषयलाई सम्बोधन गर्ना लागि दलहरुले प्रयाप्त दबाब दिका छन् । महाअभियोग एउटा हाउसबाट अर्को हाउसमा सर्छ कि सर्दैन भन्ने विषयलाई प्रष्ट पारेर जानुपर्ने रायमा भने समानता छ । प्रतिनिधिसभा नियमावली २०७५ मा कति समयसम्म महाअभियोगको टुंगो लाग्छ भनेर आकलन गरिएको भए पनि त्यसको पालना सही ढंगले नभएको भनी प्रश्न उठेको थियो ।



तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्धको महाअभियोग नयाँ हाउसमा सर्छ कि सर्दैन भन्ने विवाद समाधान नगरी अघिल्लो प्रतिनिधिसभाको कार्यकाल सकिएको थियो । नियमावली निर्माणमा फेरि यो विषयले प्रवेश पाएको हो ।

जबराको सन्दर्भमा महाअभियोग प्रस्ताव दर्ता भएको ६ महिनापछि महाअभियोग सिफारिस समितिका पुगेको थियो । महाअभियोग सिफारिस समितिले समय अभाव भएको भन्दै आफ्नो प्रतिवेदन प्रतिनिधिसभामा पेश गरेन । तर, जबरालाई महाअभियोग लगाउन र चुनावपछिको नयाँ हाउसमा छलफल चलाउन सिफारिस गरेको थियो । अर्थात्, प्रतिनिधिसभाको कार्यकाल सकिएपछि महाअभियोग निष्क्रिय हुने वा नहुने भनी विगतमा भएको बहसलाई यसपटक सम्बोधन गर्नुपर्नेमा नेताहरुको जोड छ ।

संवैधानिक अंगको प्रमुख वा सदस्यका विरुद्धको महाअभियोग निश्चित समयमा सकिने परिकल्पना प्रतिनिधिसभा नियमावली २०७५ ले गरेको छ । प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीविरुद्ध महाअभियोग प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाइ सदस्यले ल्याउन सक्छन् । प्रस्ताव दर्ता भएको मितिले सात दिनपछिको कुनै बैठकमा छलफल हुने गरी सभामुखले दिन र समय तोक्ने प्रष्ट लेखिएको छ । प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको अवस्थामा महाअभियोग प्रस्ताव आएको १५ दिन भित्र अधिवेशन बोलाउनुपर्ने र त्यसको ३ दिनभित्र सभामुखले छलफलका लागि समय र दिन तोक्नुपर्ने भनिएको छ ।

नियमावली अनुसार छलफलपछि सभामुखले ११ सदस्यीय महाभियोग सिफारिस समितिमा पठाउँछन् । महाभियोग सिफारिस समितिले कारबाही प्रारम्भ भएपछि आरोपित पदाधिकारीलाई सात दिनभित्र आरोपको सफाइ पेश गर्ने उचित मौका दिनुपर्ने र आफ्नो कारबाही प्रारम्भ गरेको मितिले बढीमा तीन महिनाभित्र सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्ने बाध्यकारी व्यवस्था छ ।

३ महिनाभित्र महाअभियोग सिफारिस समितिको प्रतिवेदन तयार हुने र उक्त सिफारिस उपर हाउसमा छलफल हुँदा कुनै पनि प्रतिनिधिसभा सदस्यले प्रतिवेदनमा संशोधन पेश गर्न वा कुनै विशेष कुराको सम्बन्धमा पुनः छानबीन गर्न प्रतिवेदनलाई महाभियोग सिफारिस समितिमा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव पेश गर्न सक्छन् । उक्त प्रस्ताव पारित भए महाअभियोग सिफारिस समितिले थप सात दिन समय पाउँछ । अर्थात्, बढीमा चार महिनाभित्र महाअभियोग प्रस्ताव हाउसमा निर्णयार्थ पेश हुने परिकल्पना नियमावलीले गरेको छ ।

तर, तत्कालीन प्रधान न्यायाधीश जबराविरुद्धको महाअभियोगका सन्दर्भमा यो व्यवस्था अनुसार संसदमा छलफल र छानबिन अगाडि बढेन । १ फागुन २०७८ मा प्रधानन्यायाधीश जबराविरुद्ध विभिन्न २१ वटा आरोप लगाएर संसदमा

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विदेशी कामदारको बासस्थान र भान्सामा ध्यान दिन मलेसियाका मन्त्रीको निर्देशन

**मध्यान्ह संवाददाता**
मलेसिया, १३ माघ

मलेसियाले आफ्नो देशमा कार्यरत आप्रवासी कामदारमाथि विश्व समुदायको ध्यान रहेको भन्दै उनीहरुको बासस्थानलगायतका विषयमा कुनै पनि कमजोरी नगर्न रोजगारदताहरुको ध्यानाकर्षण गराएको छ ।



आप्रवासी कामदारको भान्सा तथा बासस्थान लगायतको निरीक्षणपछि मलेसियाका मानव संशाधन मन्त्री भी शिव कुमारले मलेसियामा आप्रवासी कामदारको अधिकारका बारेमा विश्वले गम्भीरतापूर्वक चासो राखेकोले रोजगारदाताले आप्रवासी कामदारको बासस्थानको अवस्था मानवोचित र उपयुक्त रहेको सुनिश्चित गर्नुपर्ने र त्यसमा रोजगारदाता सधैं सचेत हुनुपर्ने बताए ।

उनले भने, 'कामदारको बासस्थान महत्वपूर्ण मानवीय विषय हो, यदि मलेसियाका रोजगारदाताहरुले निरन्तररुपमा आप्रवासी कामदार लिने हो भने हामीले उनीहरुलाई मानवीय सामाजिक सुरक्षा प्रदान गरेको सुनिश्चित भइरहनु जरुरी छ ।'

मन्त्री कुमारले शुक्रबार मलेसियाको श्रम विभागको समन्वयमा दुई उद्योगमा आप्रवासी कामदारको कार्यस्थल र बस्ने ठाउँको निरीक्षण गरेका थिए । निरीक्षणपछि उनले भने, 'मैले निरीक्षण गरेका दुबै ठाउँ अनुपयुक्त देखिए । कोठाहरु साँघुरो भएको र खाना पकाउने ठाउँहरुले सुरक्षा तथा आगोको जोखिम खडा गरेको पाएँ, केही कामदारहरुले सुत्नका लागि गद्दासमेत नभएको गुनासो गरे ।'

मन्त्री कुमारले अध्ययन प्रतिवेदन सार्वजनिक गरी दुबै उद्योगका रोजगारदातालाई कारबाही गरिने बताए । हाल मलेसियाको सबै सेक्टरमा विदेशी कामदारको अभाव छ । मन्त्री कुमारले हाल मलेसियामा विदेशी कामदार भर्नाको प्रक्रियालाई सजिलो बनाइएको तर उनीहरुलाई श्रम कानूनअनुसार प्रदान गरिने सेवा सुविधामा कुनै सम्झौता नगरिने उल्लेख गरे । उनले भने, 'यो विश्वव्यापी मुद्दा हो र विश्वभरका मानिसहरुले हामीलाई हेरिरहेका छन् ।'

मलेसियाले नेपालसहित भारत, बंगलादेश, कम्बोडिया, भियतनामलगायत देशबाट कामदार लैजाने गरेको छ । त्यसमा सुरक्षाकर्मीबाहेक नेपाली कम ज्याला पाउने अदक्ष कामदारको श्रेणीमा पर्दछन् । पाम आयल, ग्लोभ्स र रबरजन्य अन्य उत्पादन मुख्यरुपमा निर्यात गर्ने मलेसियामाथि आप्रवासी कामदार अधिकारसँगै 'रेस्पोन्सिबल बिजनेस एलाइन्स' (आरबीए) अन्तर्गत शून्य लागतमा विदेशी कामदार ल्याउन अमेरिकासहित पश्चिमी मुलुकहरुले दबाब बढाइरहेका छन् ।

## सहमति विपरीत माओवादीको निर्णय




नेकपा माओवादी केन्द्रले राष्ट्रपतिमा सहमति खोज्ने निर्णय गरेपछि नेकपा एमाले थप सशंकित बन्न पुगेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ माघ ।

नेकपा माओवादी केन्द्रले राष्ट्रपतिमा सहमति खोज्ने निर्णय गरेको छ । बिहीबार र शुक्रबार बसेको माओवादी केन्द्रको स्थायी कमिटी बैठकले राष्ट्रपतिमा सहमति खोज्ने निर्णय गरेको हो । 'राष्ट्रपति साझा पद हो, यसमा राष्ट्रिय सहमति खोज्नुपर्छ भन्ने निर्णय भएको छ', बैठकपछि माओवादी नेता टंक राईले भने ।

माओवादीको यस्तो निर्णयले नेकपा एमालेसँगको गठबन्धनमा कुनै असर नपर्ने उनले बताए । 'सहमति खोज्नुपर्छ भन्ने निर्णय गरेका हौं । यसले एमालेसँग अविश्वास हुने बातावरण बन्दैन', राईले भने । बिहीबारको बैठकमै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपतिमा साझा सहमतिको खोजी आवश्यक रहेको बताएका थिए ।

प्रचण्डले बैठकमा एजेण्डा प्रस्तुत गर्दै राष्ट्रपतिको चुनावबारे नेताहरुको सुझाव समेत मागेका थिए । प्रचण्डले बैठकलाई राष्ट्रपतिको चुनावमा केन्द्रीत गरेपछि नेताहरुले पनि त्यसैअनुसार बोलेको एक नेता बताउँछन् । 'अधिकांशले राष्ट्रपतिमा सहमति खोजिनुपर्नेमा जोड दिएका थिए, आजको बैठकले निर्णय पनि त्यस्तै गरेको छ', ती नेता भन्छन् ।

तर माओवादी केन्द्रको यस्तो निर्णयले एमाले भने थप सशंकित बन्न पुगेको छ । सत्ता साझेदारीका

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१४ माघ २०७९, शनिबार
28 January 2023, Saturday

# तत्कालीन प्रमुखसहित ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** जिल्ला स्वास्थ्य कार्यालय जुम्लाका तत्कालीन कार्यालय प्रमुख अंगद बहादुर शाहीसहित ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । सामान नल्याई मिलेमतोमा फर्जी खरिद तथा दाखिला आदेश तयार गरी बिलमात्र खरिद गरी कार्यालय संचालन बजेट खर्च गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको हो ।

तत्कालीन कार्यालय प्रमुख अंगद बहादुर शाही र तत्कालीन स्टोरकिपर गोविन्द खनालले फार्मेसीबाट युटुलिटी ग्लोभ्स समेतका मेडिकल सामग्रीहरू खरिद नै नगरेको अवस्थामा मेडिकल सामग्रीहरू खरिद गरेको तथा झुट्टा बिल भरपाई कागजात तयार गरी भुक्तानी लिनेदिने कार्य गरेको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिए ।

उनकाअनुसार कार्यालय प्रमुख शाही र स्टोर किपर  खनालले ८१ हजार १२२ रुपैयाँ भ्रष्टाचार गरेका थिए । साथै, शाहीले कार्यालयको खर्चबाट खरिद गरेको ७ हजार ७०७ रुपैयाँ बराबर रकमको औषधि आफ्नो व्यक्तिगत प्रयोजनका लागि खरिद गरी भुक्तानीसमेत लिई सरकारी सम्पत्तिलाई निजी प्रयोगमा लगाई हानि-नोक्सानी पुर्‍याएको अख्तियारको अभियोगपत्रमा उल्लेख छ ।



औषधि स्टोर दाखिलासमेत गरेको देखिएबाट स्टोरकिपर गोविन्द खनालविरुद्ध पनि मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

यसैगरी जिल्ला बाँके, डुडुवा गाउँकार्यपालिकाको कार्यालयमा सिनियर अहेव छैठौं पदमा कार्यरत सीताराम चौधरीले संचालनमा नै नरहेको फार्मेसी संचालनमा रहेको भनी अनाधिकार तरिकाले अरू व्यक्तिले नै अन्यत्र सञ्चालन गरेको फार्मेसीबाट औषधि खरिद गरेको झुट्टा बिल उपलब्ध गराएको देखिएकोले उनीविरुद्ध पनि मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भण्डारीले जानकारी दिए ।

**चार मुद्दामा पुनरावेदन**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चार वटा मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ । आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार विशेष अदालत काठमाडौंबाट भएको फैसला चित्त बुझ्दो नभएपछि पुनरावेदनका लागि लगिएको हो ।

सरकारी रकम हिनामिना, झुट्टा बिल भरपाई, झुट्टा प्रमाणपत्रका आधारमा शिक्षक नियुक्ति र घुस/रिसवत गरी ४ वटा मुद्दाहरुमा पुनरावेदन गरिएको आयोगले जनाएको छ ।

रकम हिनामिना गरी भ्रष्टाचार गरेका किशोर यादव र माधव प्रसाद यादव, झुट्टा बिल भरपाई र प्रतिवेदन पेश गरी सरकारी रकम हिनामिना गर्ने देवराज ढकाल, केशलक्ष्मी श्रेष्ठ, दीपक प्रसाद ज्ञवाली र रामस्वरुप चौधरी, घुस रिसवत लिने पुजा कार्की र अर्जुनप्रसाद सापकोटा र झुट्टा प्रमाणपत्रका आधारमा शिक्षक नियुक्ति लिने प्रकाशमान जैशी, याम बहादुर घर्ती, गोकर्णप्रसाद उपाध्याय र अशोक प्रसाद तिवारीविरुद्धको मुद्दामा विशेष अदालत काठमाडौंले गरेको फैसला चित्त बुझ्दो नभएकाले पुनरावेदन गरिएको आयोगले जनाएको छ ।

सुनवल मेला

# महंगो टिकट, दर्शकको खडेरी

**रेशम अधिकारी/मध्यान्ह**
पश्चिम नवलपरासी, १३ माघ



कोभिड महामारीका कारण करिब दुई वर्षदेखि रोकिएका मेला-महोत्सव पुनः शुरु हुन थालेका छन् । पुस लाग्ने बित्तिकै मेला-महोत्सवको सिजन शुरु हुन्छ । देशका धेरै ठाउँहरूमा १ पुसदेखि नै मेला-महोत्सव सुरु भइसकेका छन् भने कतिपय ठाउँमा तयारी भइरहेको छ ।

माघ १० गते संघीय सरकारका कानून मन्त्री धुब्र बहादुर प्रधानद्वारा उद्घाटन गरिएको दोस्रो सुनवल व्यापार मेलामा तेस्रो दिन आइपुग्दा सम्म पनि दर्शकको उत्साह जनक उपस्थिति हुन सकेको छैन । महोत्सवमा राखिएको स्टलहरुमा ग्राहक नहुँदा व्यापारीहरु निरास भएका छन् । एक व्यापारीले भने दस दिनको २० हजार भाडा तिरेको हो । नत मान्छे आउँछन् नत व्यापार हुन्छ आयोजकले रोजेको ठाउँमा स्टल राख्न दिएन । यसरी झन् घाटामा जाने अवस्था छ ।'

देशका अन्य मेलाको तुलनामा सुनवल मेलाको टिकटको मूल्य बढी भएका कारण पनि मेलामा उत्साहजनक उपस्थित नभएको सुनवलका राधाकृष्ण न्यौपाने बताउँछन् ।

उनले भने 'अस्ति बुटवल मेलाको भन्दा टिकट महंगो टिकट नै महंगो भएपछि भित्र सामान त झन् छोइनसक्ने भयो । त्यसैले म जान सकिन ।'

यता अर्का स्थानीय प्रकाश अर्याल  प्रत्येक पालिका क्षेत्रमा महोत्सव संचालन गर्ने होडबाजीका कारण महोत्सवप्रति दर्शकको आकर्षण घट्दै गएको बताउँछन् । बारम्बार एउटै कलाकार दोहोरिने स्टलहरु पनि एउटै राख्ने र टिकट दर अत्याधिक महंगो हुने हुनाले महोत्सवमा दर्शकको संख्या दिनाउनु दिन घट्दै गइरहेको उनले बताए । विभिन्न समयमा आयोजना हुने यस्ता मेला महोत्सवले व्यापार मात्र केन्द्रित नभइ स्थानीय उत्पादनलाई विश्व बजारमा जोड्न सके देशलाई आर्थिक मन्दीबाट जोगाउन सकिन्छ ।

# न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या

**महोत्तरी/मस–** महोत्तरी जिल्लाको स्थानीय तहमा न्यायिक समिति निष्क्रिय हुँदा न्याय सम्पादनमा समस्या भएको छ । जिल्लाको गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा गठित न्यायिक समिति सक्रिय नहुँदा स्थानीयवासीले न्यायको अनुभूति गर्न नसकेको जलेश्वर नगरपालिका- २ का शिवचन्द्र चौधरीले गुनासो गरे ।




स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएको दोस्रो कार्यकालको नौ महिना बित्नलाग्दा पनि नागरिकले न्याय सम्पादन र विकास निर्माणका काममा सहजरुपमा सेवा नपाएको र  न्यायिक समितिले पनि जिम्मेवारीपूर्वक काममा तदारुकता नदेखाउँदा समस्या भोग्नुपरेको मनरासिस्वा नगरपालिका- १ का रविन्द्र भगतले बताए ।

संविधानको धारा २१७ मा स्थानीय तहमा मुद्दा हेर्ने अधिकार गाउँ तथा नगरका उपाध्यक्ष/उपप्रमुखलाई तोकिए पनि सम्बद्ध पदाधिकारीले प्रभावकारीरूपमा काम गर्न नसक्दा स्थानीय तहमा गठित न्यायिक समिति नाम मात्रको भएको पिपरा गाउँपालिका- ४ का भोगी कापरको भनाइ थियो ।

जिल्लाका १५ स्थानीय तहका न्यायिक समिति सक्रिय रहेको जिकिर गरिए पनि सानातिना विवादमा पनि पीडितले न्याय खोज्न जाँदा न्यायिक समितिका पदाधिकारले पार्टीगत आधारमा निर्णय गर्ने गरेकाले पीडितहले त्यहाँ उजुरी नगर्ने गरेको जलेश्वर नगरपालिका- ८ का अगुवा मनोजकुमार साहले आरोप लगाए ।

जलेश्वर नगरपालिका-२ का रमन चौधरीले पनि 'सानातिना झगडा, घरेलु हिंसालगायतमा न्याय खोज्नुपर्ने बेला न्यायिक समितिका संयोजक नै नभेटिँदा समस्या हुने गरेको बताए । न्यायिक समितिका संयोजक र सदस्यलाई कानूनी क्षेत्राधिकार र कार्यविधिबारे अन्योल हुँदा थप समस्या भएको छ । समिति निष्क्रिय भएपछि त्यस क्षेत्रमा विनियोजित बजेट खर्च पनि कागजी मिलान गरेर अनियमितता गर्दै आएको आरोप समेत लाग्दै आएको छ । न्यायिक समितिले प्रभावकारीरूपमा कार्य सम्पादन गर्न नसक्दा र सानातिना घरायसी विवादमा पनि प्रहरी नै लाग्नुपर्दा अन्य आपराधिक क्रियाकलापको अनुसन्धानमा समेत असर परिरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद पंगेनीले बताए ।

मधेश प्रदेश

# मन्त्रिपरिषद् विस्तारमा समस्या

**जनकपुरधाम/मस–** मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले कार्यभार सम्हालेको दुई साता बितिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णताः पाउन सकेको छैन । मुख्यमन्त्री यादवले समय व्यवस्थापनका कारण मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकेको प्रतिक्रिया दिए । यसअघि उनले शुक्रबारसम्म विभागीय जिम्मेवारीसहित मन्त्रिपरिषद्लाई पूर्णता दिने बताएका थिए ।

'आजसम्म मन्त्रिपरिषद् विस्तार गरौंला भन्ने थियो', मुख्यमन्त्री यादवले शुक्रबार भने, 'प्रदेश प्रमुख र मेरो समय व्यवस्थापनका कारण ढिला हुन गयो । अब आइतबारसम्म मन्त्रिपरिषद् विस्तार हुन्छ ।' बिहीबार विभागीय जिम्मेवारी पाएका मधेश प्रदेश सरकारका तीन मन्त्रीले जिम्मेवारी सम्हालेका छन् । नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादवले भौतिक पूर्वाधार विकास मन्त्रालय, जनमत पार्टीका वसन्त कुश्वाहाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र जसपाका संजयकुमार यादवले शुक्रबार अर्थमन्त्रालयको जिम्मेवारी सम्हालेका हुन् ।

# दिवा खाजा नपाएको गुनासो

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १३ माघ

पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका वडा नं ३ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा १ वर्ष देखि दिवा खाजा बन्द भएको छ ।

नवलपरासी पाल्हीनन्दन गाउँपालिकास्थित सिद्धार्थ माध्यमिक विद्यालयमा जेठ महिनादेखि व्यवस्थापक नहुँदा बालबालिकाहरुलाई विद्यालयमा दिवा खाजा दिइएको छैन ।

पाल्हीनन्दन गाउँपालिका भित्रका सबै भन्दा ठूलो विद्यालय सिद्धार्थ माध्यमिक विद्यालयमा नर्सरी बाहेक ६ सय ५० देखि ७ सयसम्म विद्यार्थीहरु अध्ययनरत रहेको सहायक प्रधानाध्यापक सरोज चौधरीले बताए ।

नेपाल सरकारले प्रत्येक विद्यालयमा नर्सरी देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा खुवाउनुपर्ने भएकाले विद्यालयले करिब १ वर्ष देखि दिवा खाजा खुवाउन बन्द गरेको एक शिक्षकले बताए ।

उनका अनुसार नेपाल सरकारको मापदण्ड अनुसार १ जना विद्यार्थीलाई १५ रुपैयाँका दरले कम्तीमा ५० ग्राम दिवाखाजा पकाएर खुवाउनुपर्छ तर बालबालिकाहरुले खान पाउनुपर्ने दिवा खाजा बन्द भएको १ वर्ष हुन लाग्यो ।

'हामीहरुलाई दिवा खाजा गुणस्तरहिन भएपछि भदौ देखि दिवा खाजा बन्द गरेको र दिवा खाजाको पैसा विद्यार्थीहरुका अभिभावकहरुलाई बोलाएर दिएका छौं । विरगंजबाट संचालित एक कम्पनीबाट रेडिमेट खाना खरिद गरेर १ महिना देखि विद्यालयमा राखेका छौं ' प्रधानाध्यापक रवीन्द्र प्रसाद शर्माले बताए । उनका अनुसार नर्सरी देखि कक्षा ६ सम्म २ सय ४५ जना विद्यार्थीहरु सिद्धार्थ मावि कुश्मामा छन् ।

## सर्वोच्च...

गैरनागरिक बनेका रविले आइतबार नै पुनः नागरिकता प्राप्त गर्न सक्नेछन् ।

उनले यसअघि नै अमेरिकी नागरिकता र पोसपोर्ट त्यागि सकेकाले नागरिकता प्राप्त गर्न योग्य छन् ।  तर त्यसका लागि उनले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा अमेरिकी नागरिकता त्यागेको प्रमाण पेस गर्नुपर्नेछ । प्रमाण बुझाएपछि जिल्ला प्रशासन कार्यालयले उनको पहिलेकै विवरणमा नयाँ नागरिकता जारी गर्नेछ ।

अमेरिकी पासपोर्ट र नागरिकता त्यागेको प्रमाण यसअघि नै अध्यागमन विभागमा बुझाएको दाबी गरे पनि सर्वोच्चले त्यसलाई मान्यता नदिएको हो । उनले नागरिकता प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालयमै प्रक्रिया पूरा गर्नु पर्ने कानुनी प्रावधान छ ।

पुनः नागरिकता प्राप्त गरेसँगै चितवन क्षेत्र नं २ मा अब हुने उपनिर्वाचनमा उनी सहभागी हुन सक्नेछन् । तर त्यसअघि अन्य कसुरमा उनीमाथि कुनै कारबाही भने हुन हुँदैन । अन्य कसुरले बन्देज नगरे नागरिकताकै कारण भने उनलाई उपनिर्वाचनमा सहभागी हुन बाधा पर्ने छैन ।

नेपाली नागरिकता नहुँदा उनको सांसद पद गुमेको छ भने उपप्रधान तथा गृहमन्त्रीबाट पनि राजीनामा दिइसकेका छन् । उनी रास्वपाको सभापति पनि रहने छैनन् । तर नागरिकता लिइसकेपछि यी सबै पदमा उनी पुनः फर्किने बाटो भने कायम छ ।

## संसदमा...

महाभियोग दर्ता भएको थियो । प्रतिनिधिसभाले २२ फागुनमै संविधानअनुसार महाअभियोग सिफारिस समिति बनाएको थियो भने २९ फागुनमा महाअभियोग प्रस्ताव संसदमा पेश भएको थियो । उक्त प्रस्ताव महाअभियोग सिफारिस समितिमा २२ साउनमा पुग्यो र १ भदौदेखि बल्ल समितिले आफ्नो काम सुरु गरेको थियो । असोज १ गते राति महाअभियोग सिफारिस समितिले जबराविरुद्ध महाअभियोग लाग्ने र थप छलफल अर्को हाउसमा गर्न भनी सिफारिस गर्यो । उक्त सिफारिस उपर उठिरहेको प्रश्नलाई निरुपण गर्नुपर्ने राय प्रतिनिधिसभामा रहेका दलहरुको छ ।

प्रतिनिधिसभाको कार्यकाल सकिएको भन्दै संसद सचिवालयका महासचिव भरतराज गौतमले गत मंसिर २१ गते जबराविरुद्धको महाअभियोग निष्प्रभावी भएको पत्र दिएका थिए । तर, त्यसविरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दा विचाराधीन छ ।

निलम्बनकै अवस्थामा अनिवार्य अवकाश पाएका जबराको सन्दर्भमा समेत नयाँ नियमावली आकर्षित हुने अधिकारीहरु बताउँछन् । एक अधिकारी भन्छन्, 'एक हाउसबाट अर्को हाउसमा महाअभियोग सर्छ भनी नयाँ नियमावलीमा लेखियो भने एउटा विषय हुन्छ । लेखिएन भने उहाँ (जबरा)विरुद्धको महाअभियोग स्वतः निष्क्रिय भएको मानिनेछ ।'

## सहमति...

क्रममा आफ्नो भागमा परेको राष्ट्रपति पदमा सहमतिको प्रस्ताव माओवादीले ल्याएकाले आशंका हुनु स्वभाविक रहेको एमाले नेता खिमलाल भट्टराई भन्छन् । ' माओवादी केन्द्रको निर्णयले केही आशंका देखिएको छ । तर प्रधानमन्त्रीले नेतृत्व गरेको पार्टीले गरेको निर्णयमा राष्ट्रिय सहमति भनिनु अस्वभाविक होइन' भट्टराई भन्छन्, 'तर एमालेले भनेको व्यक्तिलाई मतदान दिनेगरी राष्ट्रिय सहमति जुट्न आवश्यक छ ।'

गत १० पुसमा प्रचण्ड प्रधानमन्त्री बन्ने निर्णय हुँदा नै राष्ट्रपति पद एमालेले लिने सहमति भएको थियो । प्रधानमन्त्री र सभामुख पद भने आलोपालो गर्ने सहमति छ । सहमति अनुसार, एमाले नेता देवराज घिमिरे सभामुख र राष्ट्रिय स्वतन्त्र पार्टीका इन्दिरा रानामगर उपसभामुख निर्वाचित भइसकेका छन् । सात मध्ये चार प्रदेशमा एमाले, दुई प्रदेशमा माओवादी केन्द्र र एक प्रदेश सरकारको नेतृत्व जनता समाजवादी पार्टी (जसपा) ले गरिसकेको छ ।

तर प्रधानमन्त्री भएको एक महिनापछि प्रचण्डले एमालेको भागमा परेको राष्ट्रपति पदमा राष्ट्रिय सहमतिको प्रस्ताव ल्याएपछि गठबन्धनभित्रै आशंका देखिएको छ । माओवादी केन्द्रको निर्णयप्रति एमाले सशंकित हुनुमा यसअघि कांग्रेसले प्रचण्डलाई विश्वासको मत दिनु हो । एमाले नेतृत्वमा प्रधानमन्त्री बनेका प्रचण्डलाई २६ पुसमा कांग्रेसले विश्वासको मत दिएको थियो । अहिले राष्ट्रपति पनि कांग्रेसलाई दिन प्रचण्डले यस्तो निर्णय गराएको हुनसक्ने आशंका एमाले नेताहरुले गरेका छन् ।

## भूलसुधार

मध्यान्ह दैनिकको शुक्रबारको अंकमा पहिलो पृष्ठमा प्रकाशित 'फ्रि भिसा फ्रि टिकट अव्यवहारिक छ' शीर्षकको समाचारमा मन्त्री अर्याल हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ । यसबाट सम्बन्धित सबैलाई पर्न गएको असुविधाका लागि क्षमा याचना गर्दछौं ।

-सम्पादक


**Cyprus को होटल लाईनमा महिला/पुरुषहरुलाई रोजगारको अवसर**

१.कम्पनी: Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।१०।१३ | चलानी नं. ६०१९५७४९ | LT.No. 280163

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 05 | 0 | सम्बन्धित काममा दक्ष | 900 | १,२७,७५५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook B | 03 | 0 | | 870 | १२३,४९६।- | | | | | | | |
| 3 | Cook C | 04 | 0 | | 700 | ९९,३६५।- | | | | | | | |
| 4 | Barmaid | 02 | 0 | | 800 | ११३,५६०।- | | | | | | | |
| 5 | Waiter/Waitress | 02 | 02 | | 800 | ११३,५६०।- | | | | | | | |
| 4 | Chambermaid | 0 | 02 | | 700 | ९९,३६५।- | | | | | | | |

२.कम्पनी: C & C Private Employment Agency., Cyprus.
पूर्व स्वीकृती मिति २०७९।०६।१४ | चलानी नं. ६०१८८६३४ | LT.No. 273000 | पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labourer | 09 | काममा दक्ष | 455 | ६४,५८७।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | सि.नं.१ को रु.३०,०००।- सि.नं.२ को रु.४०,०००।- |

नोटः–कं. नं. १ को लागि स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा ४ वर्ष काम गरेको अनुभव र अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

प्रि-अन्तर्वार्ता भै रहेको छ । फाईनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मिति २०७९।१०।२१ गते (4 Feb, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom



**मलेशियामा रोजगार**

1. ENG LIAN ENTERPRISE SDN BHD, JALAN
पुर्व स्विकृति मितिः 2079.10.13 | चलानी नं. ६०१९५७२६ | LT No. 280177

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 17 | 1500 | 46142 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. ENG LIAN ENTERPRISE SDN BHD, JALAN
पुर्व स्विकृति मितिः 2079.10.12 | चलानी नं. ६०१९५७२७ | LT No. 280065

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 29 | 1500 | 46142 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः २०७९ माघ २२ गते (5 February 2023) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.**
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५



**Qatar मा रोजगार The Diplomatic Club** पून बिज्ञापन

पूर्व स्वीकृति मितिः २०७९/०७/०६ | चलानी नं. ६०१८९९६१ | LT No.: 274348

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen. Clean. Worker | 48 | 15 | काममा दक्ष | 1000 | ३५,९४४।- | कं. नि. अनुसार | ८ घण्टा | ६ दिन | कं. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Waiter | 11 | 0 | | 1400 | ५०,३२२।- | | | | | | | |
| ३. | Driver | 02 | 0 | | 1800 | ६४,६९९।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ २१ गते (4 February 2023) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.: ९८३/०६७/०६८
**कन्टिनेन्टल एच. आर. डी. कन्सल्टेन्ट्स प्रा. लि.**
बालुवाटार, काठमाडौं, नेपाल, फोनः ४४४५५५०, ४४३०००३

# दोर्दी गाउँपालिकाका ज्येष्ठ नागरिक सम्मानित

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १३ माघ

**लमजुङको दोर्दी गाउँपालिकाद्वारा यहाँका ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ ।**

पालिकाको महिला विकास शाखाको आयोजनामा वडा नं. ४ नौथर सेरामा शुक्रबार एक कार्यक्रमकाबीच ९/९ जना महिला, पुरुष गरी १८ जना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको हो ।

ज्येष्ठ नागरिकलाई एक-एक वटा कम्बल र हर्लिस दिनुका साथै खादा ओडाएर सम्मान गरेको हो । उनीहरुलाई गाउँपालिका उपाध्यक्ष विच्छबहादुर घले, पालिकाको सामाजिक विकास संयोजक अम्बिका मरहट्टा, पालिकाको शिक्षा शाखा प्रमुख भिमप्रसाद लामिछाने लगायतले सो सामग्री वितरण गर्दै खादा ओडाएर सम्मान गरेका थिए । ज्येष्ठ नागरिकलाई सम्मान गर्दै गाउँपालिका उपाध्यक्ष घलेले आगामी दिनमा ज्येष्ठ नागरिकलाई अझै प्रभावकारी हुने कार्यक्रम तथा सहयोग ल्याउने बताए ।



समाजमा ज्येष्ठ नागरिकको ठूलो योगदान रहेको र सबैले ज्येष्ठ नागरिकको कदर, सम्मान गर्नुपर्नेमा उनले बताए ।

७० वर्ष उमेर पुगेका एकल महिला तथा पुरुष, अत्ति गरिबी, विपन्न भएका आधारमा यतिका ज्येष्ठ नागरिकलाई सम्मान गरिएको पालिकाको सो शाखाका प्रमुख सुजन सुनारले बताए ।

उनका अनुसार प्रत्येक वडाबाट एक/एक महिला, पुरुष गरी एक वडाबाट २ जना ज्येष्ठ नागरिक सम्मानित भएका हुन् । उनीहरुलाई यातायात खर्च स्वरुप प्रति ब्यक्ति ५०० रुपैयाँ समेत वितरण गरेको बताइएको छ । पालिकामा धेरै ज्येष्ठ नागरिक भएतापनि बजेट अभावले यतिका संख्याका ज्येष्ठ नागरिकलाई सम्मान गरेको गाउँपालिकाले जनाएको छ । पालिकाका अनुसार एक लाख बजेटबाट यस कार्यक्रम गरेको छ । वितरण गरिएको सो प्रति कम्बल ४ हजार, हर्लिस १ हजार २०० रुपैयाँ र यातायात खर्च स्वरुप ५ सय रुपैयाँ ज्येष्ठ नागरिकलाई उपलब्ध भएको छ ।

सम्मानित भएका ज्येष्ठ नागरिकमध्ये कृष्णप्रसाद दवाडीले पालिकाले गरेको सम्मानले ज्येष्ठ नागरिकलाई राज्य ज्येष्ठ नागरिकको लागि पनि रहेछ भन्ने भएको बताए । जाडोको समयमा पालिकाबाट प्राप्त कम्बल ओड्न पाएको र सम्मानित भएको भन्दै उनीहरु हर्षित भएका थिए ।

# मिडियामा पीडित पक्षको आवाजले कम स्थान पायोः अध्यक्ष बस्नेत

**काठमाडौं/मस**–प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले मिडियामा पीडित पक्षको आवाजले कम स्थान पाएको र कतिपयबाट त थप पीडा दिने काम भएकोले त्यसलाई रोक्न सुझाव दिएका छन् ।



पीडितलाई थप पीडा दिने गरी समाचार र समाचारजन्य सामग्री दिनु आचारसंहिताको गम्भीर उल्लंघन हुने भएकाले काउन्सिलले गर्ने मिडियाको अनुगमन र मूल्यांकनमा यसलाई विशेष निगरानी गर्न थालिएको उनले बताए । विशेषगरी अनलाइन तथा कतिपय सामाजिक सञ्जालबाट आपत्तिजनक सामग्री आइरहेको र त्यस्ता माध्यमलाई कडा कानूनी कारबाही हुँदै आएको बस्नेतले जानकारी दिए ।'पत्रकारिताबाट समाजलाई न्याय हुनुपर्ने हो, हिंसा न्यूनीकरण गर्न सघाउनुपर्ने हो तर कतिपय माध्यमबाट उल्टै हिंसा बढाउने, पारिवारिक कलह बढाउने र समाजलाई भड्काउनेकार्य भएका छन् । पीडित पक्षको आवाज पातलिन थालिएको छ', उनले भने, 'नयाँ सञ्चालनमा आउने सञ्चारमाध्यमले यस्ता कुरामा ध्यान दिएर समाचार सम्प्रेषण गरौं, आचारसंहिता ख्याल गरौं ।' प्रेस काउन्सिल नेपालमा भएको अभिमुखीकरणको १८औं श्रृंखलामा अध्यक्ष बस्नेतले पत्रकारिता क्षेत्रले समाजका समस्या उजागर गर्नुपर्नेमा त्यसो हुन नसकेको भन्दै यस क्षेत्रले समाजलाई दिने न्यायमाथि प्रश्न उठ्न दिन नहुने बताए । यस्तै नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले समाजले पत्रकारिता क्षेत्रबाट राखेको अपेक्षा सही ढंगले पूरा गर्नु यस क्षेत्रको दायित्व भएको बताए । उनले नजानेर अथवा कसैको स्वार्थ सिद्ध गर्न पत्रकारिता क्षेत्रको प्रयोग गर्नु गम्भीर गल्ती भएको औंल्याए ।

अध्यक्ष पोखरेलले समाज रूपान्तरणको अभियानमा विश्वसनीय पत्रकारिता चाहिने भन्दै स्तरीय र विश्वसनीय पत्रकारिताका लागि लागु भएका पत्रकार आचारसंहिता र निर्देशिकाको पालना अनिवार्य सर्त भएको उल्लेख गरे । उनले अनलाइनलाई जिम्मेवार र मर्यादित बनाउन काउन्सिलले यस्ता रचनात्मक कामलाई निरन्तरता दिनुपर्ने सुझाव दिए । प्रेस काउन्सिल नेपालले नयाँ सूचीकरण हुन आउने अनलाइनका सञ्चालक र सम्पादकलाई अभिमुखीकरण कक्षा दिँदै आएको छ । शुक्रबारको कक्षामा काउन्सिलका बोर्ड सदस्य रामप्रसाद दाहालले पत्रकार आचारसंहिता, न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्काले विभिन्न सञ्चार निर्देशिका र तिनमा भएका व्यवस्थाबारे प्रशिक्षण दिएका थिए । काउन्सिलका उपप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहराले सहजीकरण गरेको कार्यक्रममा सहभागीले उठाएका जिज्ञासामाथि विज्ञद्वय र काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले प्रष्ट पारेका थिए । शुक्रबारको कक्षामा २७ वटा अनलाइनका सञ्चालक र सम्पादक सहभागी रहेका थिए ।

# विधायन व्यवस्थापन समितिको बैठकः 'कार्य परामर्श उपसमिति गठन'

**काठमाडौं/मस**–संघीय संसद्, राष्ट्रियसभा विधायन व्यवस्थापन समितिले 'कार्य परामर्श उपसमिति' गठन गरेको छ । सिंहदरबारस्थित समितिको कार्यकक्षमा शुक्रबार भएको बैठकले समितिका सभापति डा बेदुराम भुसालको संयोजकत्वमा पाँच सदस्यीय उपसमिति गठन गरेको हो ।



उपसमितिमा सांसदहरू अनिता देवकोटा, प्रमिला कुमारी, भैरवसुन्दर श्रेष्ठ र गङ्गाकुमारी बेल्वासे सदस्य रहेकी छन् । त्यसैगरी बैठकले देवेन्द्र दाहाल संयोजक रहेको पाँच सदस्यीय 'समितिका निर्देशन, सुझाव कार्यान्वयनको अवस्था अध्ययन अनुगमन उपसमिति' बाट सांसद अनिता देवकोटालाई हटाएर सदस्यमा सांसद जितेन्द्र देव र तारामान स्वाँरलाई राख्ने निर्णय गरेको छ । 'संविधानअनुसार बन्न बाँकी कानून पहिचान' उपसमितिमा संयोजकको जिम्मेवारी अनिता देवकोटालाई दिइएको छ ।

सो उपसमितिका संयोजक विमला राई पौडेल नेपाल सरकारको परराष्ट्रमन्त्री भएपछि राष्ट्रियसभा विनियमावलीको नियम १५१ को उपनियम ४ खण्ड (ख) अनुसार मन्त्री भएपछि समितिको सदस्य नरहने व्यवस्थाअनुसार सांसद देवकोटालाई उपसमितिको संयोजकको जिम्मेवारी दिइएको हो । सो उपसमितिको सदस्यमा उदयबहादुर बोहरा, भैरवसुन्दर श्रेष्ठ, सुरेशकुमार आलेमगर, भगवती न्यौपाने र राधेश्याम पासवान छन् ।

# रेबिज नियन्त्रण गर्न खोप अभियान



**काभ्रेपलाञ्चोक/मस**–काभ्रेलाञ्चोकमा पछिल्लो समय पशुचौपायामा देखिएको रेबिज रोग नियन्त्रण गर्न खोप अभियानलाई तीव्र पारिएको छ । जिल्ला स्वास्थ्य कार्यालय, भेटेरेनरी अस्पताल तथा पुश सेवा विज्ञ केन्द्रले हप्तौंदेखिको निगरानी, पशुचौपाया तथा स्थानीयलाई रेबिजविरुद्धको खोप लगाउन थालेको छ ।

गत मङ्सिर पहिलो सातादेखि महाभारत गाउँपालिकाको दुई गाउँमा रेबिजको संक्रमण देखिएको थियो । त्यसको मण्डनदेउपुरको एउटा वडा तथा रोशी गाउँपालिकामा पनि रेबिज फैलिएको थियो । मण्डनदेउपुर-१० मा मरेको एक कुकुरमा परीक्षण गर्दा बिहीबार रेबिज पुष्टि भएको छ । रेबिज देखिएपछि उक्त क्षेत्रका पशुचौपायालाई खोप लगाउन थालिएको पशु चिकित्सक राजकुमार हुमागाईंले बताए ।

मण्डनदेउपुरका केही स्थानमा छ महिनाको अवधिमा २२ गाई मरिसकेका छन् । स्थानीय हरिप्रसाद नेपालका अनुसार माघमा मात्रै दुई गाई मरेका छन् । यस्तै मरेको कुकुरमा रेबिज पुष्टि भएको स्थानका करिब ५० जनालाई रेबिजविरुद्धको खोप लगाइएको छ । थप व्यक्ति पहिचान गरी खोप लगाइने नगरका स्वास्थ्य शाखा प्रमुख दीपक घिमिरेले बताए ।

उक्त स्थानमा स्थानीयस्तरका स्वास्थ्य शाखा, पशु शाखा, जिल्ला स्वास्थ्य कार्यालय र केन्द्रको विज्ञ टोलीले निगरानी गरिरहेको छ । केही महिनाअघि भुम्लु गाउँपालिकामा रेबिजका कारण पशुचौपायाको मृत्यु भएपछि त्यहाँका पशुचौपाया र दुई सय ८९ जनालाई रेबिजविरुद्धको खोप लगाइएको थियो । महाभारत गाउँपालिकामा पनि रेबिजका कारण पशुचौपाया मरेपछि स्थानीयलाई रेबिजविरुद्धको खोप लगाइएको छ । कुकुरले टोकर मरेका गाई काटेर खाएपछि महाभारत-१ गोकुले र वडा नं ८ को घर्तीछापका स्थानीयलाई रेबिजविरुद्धको खोप दिइएको स्वास्थ्य शाखाका प्रमुख हरिसिं विष्टले जानकारी दिए ।

यसैबीच रेबिज संक्रमण नियन्त्रणका लागि स्वास्थ्य कार्यालयका प्रमुख डा.पुरुषोत्तम सेढाईंले महाभारत, मण्डनदेउपुर र रोशीमा रेबिज फैलिएकोबारे अध्ययन भइरहेको बताए ।

# प्रहरी भर्ना गर्दै गाउँपालिका

**सुर्खेत/मस**–सुर्खेत वीरेन्द्रनगरसँग सिमाना जोडिएको दैलेख गुराँस गाउँपालिकाले गाउँ प्रहरी भर्ना गर्ने भएको छ ।



पालिकाका योजना कार्यान्वयनका बेला देखिने सुरक्षा चुनौती, शान्ति, सुरक्षा र अमनचयन सार्वजनिक सम्पत्तिको रेखदेख तथा संरक्षणका लागि गाउँ प्रहरी भर्ना गरिने भएको हो । गुराँस गाउँ प्रहरी सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ तयार गरी माघ ११ गते बुधबार सम्मपन्न हिउँदे गाउँसभाबाट समेत पारित गरेको हो ।

यससम्बन्धी कार्यविधि गाउँसभाबाट पास भइसकेको भन्दै अब कार्यान्वयनमा जाने गाउँपालिकाले जनाएको छ । वडा नम्बर ८ का वडाध्यक्ष एवं गाउँपालिका प्रवक्ता दीपेन्द्र ओलीका अनुसार गाउँपालिकाको शान्ति सुरक्षा कायम गर्न गुराँस गाउँ प्रहरी परिचालन हुनेछ ।

'कार्यालयमा भीड लाग्दा व्यवस्थापन गर्न होस्, अथवा गाउँको शान्ति सुरक्षा कायम गर्न किन नहोस्, त्यसमा गाउँ प्रहरीले सहयोग गर्नेछ', प्रवक्ता ओलीले भने, 'ठूला समस्या आउँदा नेपाल प्रहरी छ, स-साना समस्या त हाम्रो प्रहरी पनि सक्रिय रहने छ ।' सानो सानो सुरक्षा चुनौती सामना गर्नको लागि नेपाल प्रहरीलाई परिचालन गर्न पालिकाले नसक्ने भन्दै अब गाउँ प्रहरी भर्नापछि पालिकाको शान्ति सुरक्षा कायम हुने ओलीले बताए ।

यसैबीच, गाउँसभाबाट २४ वटा विभिन्न ऐन र कार्यविधि पास भएको छ । गाउँसभाबाट वन व्यवस्थापन गर्न बनेको ऐन, २०७९, न्यायिक समितिको (कार्यविधि) सम्बन्धी ऐन, २०७९ र गुराँस कर्मचारी सेवा ऐन, २०७९ पास भएको प्रवक्ता ओलीले बताए ।

गाउँपालिकाका अनुसार मदिरा नियन्त्रणसम्बन्धी कार्यविधि, २०७९, राउटे समुदायलाई सुविधा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, यौनिक अल्पसंख्यकलाई सुविधा उपलब्ध बनाउनेसम्बन्धी कार्यविधि र कृषिउपज सङ्कलन केन्द्र सञ्चालनसम्बन्धी कार्यविधिलगायत २० वटा कार्यविधि पास गरिएको छ । यसअघिको सरकारले बनाएका ३४ वटा विभिन्न ऐन र कार्यविधिसहित गाउँपालिकामा ७९ वटा विभिन्न ऐन र कार्यविधि बनेको प्रवक्ता ओलीले जानकारी दिए ।

यसैगरी, पालिकाको गाउँसभाले वडा कार्यालय, स्वास्थ्यचौकी र विद्यालयमा अति आवश्यक कर्मचारी सेवा करारमा भर्नाको प्रक्रिया अगाडि बढाउनेसमेत निर्णय गरेको छ । साथै साविक जिविस र गाविसबाट गाउँपालिकामा समायोजन भएर सेवा करारमा लामो समय काम गरेका कर्मचारीलाई यसअघिको १० औं गाउँसभाको निर्णयको प्रतिकूल नहुने गरी व्यवस्थापन गर्न जिल्ला समन्वयलाई पत्र पठाउन कार्यपालिकालाई अख्तियारी दिइएको उनले जानकारी दिए ।

यसअघि करार कर्मचारीको म्याद थप नगर्ने निर्णयपछि गत साउनमा पालिकामा कर्मचारीले आन्दोलन गरेका थिए ।


## बहराइनमा रोजगार

१. कम्पनी : GREEN CITY SERVICES W.L.L
शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ | चलानी नं.: ६०१६७०४१ | L.T. No.: 250135 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 1 | स. काममा दक्ष | 100 | ३४,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : YOUNG JIN ENTERPRISES CO
शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०२२/०९/०२ | चलानी नं.: ६०१८७७७७ | L.T. No.:270929 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 50 | 0 | स. काममा दक्ष | 100 | ३४,५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ २१ गते (4 Feb. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Easy Overseas
Gov Lic No. : 1261/074/75
**EASY OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Tel.:01-4016539
Mob: 9851176605, 9860676964, 9762883455, 9818986538



## भोटेकोशी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल

### सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/१०/१४**

यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोकको लागि आ.ब. २०७९/०८० को लागि तपसिलका पदमा कर्मचारी आवश्यक परेको र खुल्ला प्रतियोगिताद्धारा सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात २०७९/१०/२८ गते कार्यालय समय भित्र दरखास्त पेश गर्नु हुन सरोकारवाला सबैका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएका वा रीत नपुगि पेश भएका दरखास्त उपर कुनै कार्वाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १२-२०७९/०८० | एम.आई.एस अपरेटर | पाँचौ तह | १ | |
| २ | १३-२०७९/०८० | रोजगार सहायक | पाँचौ तह | १ | |
| ३ | १४-२०७९/०८० | उद्यम विकास सहजकर्ता | चौथाें तह | २ | |

**थप जानकारी गाउँपालिकाको वेव साइट www.bhotekoshimun.gov.np बाट प्राप्त गर्न सकिने छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**



## रतुवामाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं १, मोरङ, नेपाल

### रतुवामाई नगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रुपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

**श्री नागेश्वर प्रसाद सिंह**
प्रमुख

**श्री दमयन्ता देवी चुडाल**
उप-प्रमुख

**रतुवामाई नगरपालिका, प्रदेश नं १, मोरङ, नेपाल**

धर्म/संस्कृति

# जाने होइन त शाली नदी ?



■ अच्युतप्रसाद पौडेल 'चिन्तन'

> साँखुलाई पहिले लावण्य देश भनिन्थ्यो । नवराज राजाले राज्य गरेको क्षेत्र अहिले पनि सुन्दर छ । कुनै बेला यहाँ शंखदेव नामक राजाले राज्य गरेका थिए भन्ने भनाइ छ । यसअर्थमा यहाँको नाम शंखपुर र पछि शंखरापुर भनिन थाल्यो । शंखरापुर पछि अपभ्रंश हुँदै साँखु नामले चिनिन पुग्यो ।



पुस २२ गतेदेखि नै देशैभरि स्वस्थानीको व्रत उपासना गरिँदैछ । काठमाडौंबाट १८ कि.मि. उत्तरपूर्व पर्ने साँखुबजारबाट एक-डेढ किलोमिटर पूर्वतर्फ शाली नदी क्षेत्र रहेको छ। यो क्षेत्र शाली नदी क्षेत्रले चिनिन्छ। साँखु बजारबाट शाली नदी क्षेत्र हुँदै पालुबारी एवम् नगरकोट-तेलकोट हुँदै भक्तपुर जोड्ने सडक बनेको छ। शाली नदी श्री स्वस्थानी देवीको अति पावनपीठ हो। पौष शुक्ल पूर्णिमादेखि माघ शुक्ल पूर्णिमासम्म यहाँ श्री स्वस्थानी देवीको व्रत उपासना गरिन्छ। स्कन्दपुराण, केदारखण्डका अनुसार हरेक हिन्दु धर्मावलम्बीहरूका घरघरमा श्री स्वस्थानी देवीको व्रत उपासना गर्ने, स्वस्थानी कथा भन्ने, सुन्ने चलन रहेको छ। स्वस्थानी व्रत कथाअनुसार सत्ययुगमा हिमालय पुत्री पार्वतीले महादेवलाई पति पाउन यो व्रत गरेकी थिइन्। उनले यही व्रतकै आधारमा महादेवलाई पाएकी थिइन्। माघ स्नान गर्ने क्रममा शाली नदीमा स्नान गरी नजिकै रहेका हरिहरको पूजा आराधना र स्वस्थानी देवीको पूजा गरेमा इच्छित फल प्राप्त हुन्छ भन्ने विश्वास छ। शाली नदीको जल अर्चना गर्दैमा पनि शरीरको रोग निको हुने, आरोग्य प्राप्ति हुने, तनमा कान्ति र मनमा शान्ति प्राप्त हुने जनविश्वास छ। अघि यहीँ व्रतउपासना गरेर कुरूप भएकी चन्द्रावतीले सुन्दर वदनयुक्त शरीर प्राप्त गरेको कथा हामी पाउन सक्छौं।

